*खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता*

*बिषयक*

# सार्वजनिक सुनुवाई

२०८१ जेष्ठ ७ गते, खजुरा २ सितापुर बाँके

## कार्यक्रम प्रगति-प्रतिबेदन




*सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धता कार्यान्वियन गर्ने सम्बन्धमा प्रतिबद्धता मन्तब्य राख्दै अध्यक्ष डम्बर बि.क. साथमा सरोकारवालाहरु ।*

**आयोजक**

खजुरा गाउँपालिका, बाँके

**सहजिकरण**

बास नेपाल

*खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

## २०८१ जेष्ठ ७ गते, खजुरा २ सितापुर बाँके

## कार्यक्रम प्रगति प्रतिबेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :

बास बिगत २३ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, १०० ईकाई र ५००० बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो । बासले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास, बाल संरक्षण,  र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ ।

### २. कार्यक्रमको पृष्ठभुमि :

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका  बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६७ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक

सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ । सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने ब्यवस्था गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत सबै स्थानीय तहहरुले सार्वजनि सुनुवाइ गर्नुपर्ने करालाई अंगिकार गरेको छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै खजुरा गाउँपालीकाको आयोजना, र बास, नेपालको सहजिकरणमा खजुरा गाउँपालीकाको आर्थिक वर्ष २०८०/०८१ मा संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका गुणस्तरीय सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि खजुरा गाउँपालिका वडा नम्बर २ को प्रांगणमा १८० बढी नागरिकहरुको सहभागीतामा मिति २०८१ जेष्ठ ७ गतेका दिन *खजुरा गाउँपालिकाले दिने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम* सम्पन्न भएको छ ।

### ३. कार्यक्रमका उद्धेश्यहरू :

- गाउँपालिकाको काम कारबाही बारे गाउँपालिकाबासिहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्ठपोषण लिने ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

### ४. सार्वर्जजनिक सुनुवाई सञ्चालनका क्रममा अवलम्बन गरिएका विधिहरू :

खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

**क. सहजिकरण गर्ने संस्थाको छनौट तथा सम्झौता :** विगतका बर्षहरु देखिनै खजुरा गाउँपालिकाको सार्वजनिक सुनुवाईको सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपाललाई खजुरा गाउँपालिकाले गाउँपालिकाको आ.व. २०८०/०८१ को सार्वजनिक सुनुवाइ सहजिकरणको जिम्मेवारी दिएको थियो । सोही अनुरुप खजुरा गाउँपालिकाले

आर्थिक बर्ष २०८०/०८१ मा गर्नु पर्ने सार्वजनिक सुनुवाई सहजिकरणका लागि बास नेपाल र गाउँपालिका बिच सम्झौता भएको थियो ।

**ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पहिले आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाइ सहजिकरण कार्यविधि, २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धि नमुना कार्यबिधि २०७७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्यायन गरिएको थियो ।

**ग. सार्वजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :**

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि गाउँपालिकामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनुअगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र बितरण तथा पत्राचार र माइकिङ्ग गरिएको थियो भने गाउँपालिकाले सबै सरोकारवाला ब्यक्तिलाई एसएमएस गरेको थियो । बिशेष गरि वडा कार्यालय र बासका स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

**घ. मिति, समय र स्थान निर्धारण :**

गाउँपालिका र बास नेपालबिच छलफल पश्चात खजुरा गाउँपालिका वडा नम्बर २ को प्रांगण सितापुरमा मिति २०८१ जेष्ठ ७ गते दिउसो १:०० बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

**ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :**

खजुरा गाउँपालिकाले दिने सेवा तथा सुविधाको प्रभावकारिताका बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

**च.सार्वजनिक सुनुवाई कार्यक्रम संचालन :**

५ बुद्दे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गर्दै खजुरा गाउँपालिकाको सार्बजनिक सनुवाई सम्पन गरेको छ । खजुरा गाँउपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा जेष्ठ ७ गते खजुरा गाँउपालिकाको वडा नम्बर २ सितापुरमा उक्त सुनुवाई सम्पन्न भएको हो ।






सरोकारवाला र सहभागिहरुको बिचको भएको दोहोरो छलफलको अत्यमा गरिएका प्रतिबद्धताहरुमा पालिकाको शैक्षिक गुणस्तर सुधारका लागि बिशेष योजना सन्चालन गर्ने, राजनिति मुक्त शैक्षिक क्षेत्रमा जोड दिने, गाँउपालिका भित्र सञ्चालीत गौरबका आयोजना निर्माणमा ढिलाई भईरहेकाले नियमित गर्न योजनाको कामलाई तिब्रता दिने तथा आर्थिक बर्ष २०८१/०८२ भित्र




कार्य सम्पन्न गर्ने गरी पहल गर्ने, परसपुर गौघाट सडक खण्डको काम सुचारु गर्नका लागि पालिकाको तर्फबाट आबश्यक सहजिकरण गर्ने, सार्बजनिक बिदाको समयमा कार्यलय प्रयोजन बाहेक सवारी साधनको प्रयोग नगर्ने र सवारी दूरुपयोग भएको सूचना प्राप्त भएमा आबश्यक कारबाही गर्ने, गाँउपालिका भित्र जोडिएका सिमा नाकाबाट हुने चोरी निकासी तथा पैठारी नियन्त्रण गर्ने, पाकिाको सबै वडाहरुका जडान भएका केही हाईमाक्स लाईट नबल्ने गरेको गुनासो आएकाले त्यसका लागि आबश्यक पहल गर्ने प्रतिबद्धता गरिएको छ ।




बास नेपालका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले सहरिकरण गरेको सुनुवाईमा स्वागत तथा कार्यक्रमको उद्धेश्य माथि प्रकाश बास नेपालका निर्देशक हेमराज भट्टले गरेका थिए । सुनुवाईको शुरुवातमा गाउापालिकाले गरेका प्रगति तथा कार्यक्रमको बारेमा जानकारी प्रमुख प्रशासकिय अधिकृत बस बहादुर रानाले गरेका थिए भने नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमतको नतिजा घोषणा बास नेपालका जनसम्पर्क अधिकृत माधब कुमार कार्कीले गरेका थिए ।

सुनुवाईमा सहागिहरुले उठाएका प्रश्न तथा जिज्ञासाहरुको जवाफ प्रमुख जवाफदेहि बक्ताको रुपमा गाँउपालिकाका अध्यक्ष डम्बर बिक, प्रमुख प्रशासकिय अधिकृत बस बहादुर राना, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य र शाखा प्रमुखहरुले दिएका थिए । सुनुवाईमा झण्डै १८२ जना बढीको सहभागीता रहेको थियो ।



**ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :**

सार्वजनिक सुनुवाइमा सडक, नाला गुणस्तरीय नभएको, कृर्षिको समस्या, बिद्युत, लक्षित वर्ग केन्द्रित कार्यक्रम, शिक्षा तथा स्वास्थ्य सेवा, बिकास निर्माण, बिधुत तथा सिचाइको समस्या लगायतका दर्जनौं बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए । सहभागिहरुले उठान गरेका सवाल र सरोकारवालाहरुको जवाफ अनुसूचीमा समावेश गरिएको छ ।

**झ. प्रतिवद्धताहरुको सार्वजनिकिकरण :**

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि ६बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । सुनुवाई सम्पन्न भए पश्चात प्रतिबद्धता सहित उल्लेख गरिएको प्रेश बिज्ञप्ती प्रकाशन गरिएको थियो । जुन बिज्ञप्ती सबै सञ्चार माध्यमहरुमा सम्प्रेषण गरिएको थियो । सम्प्रेषित बिज्ञप्तीका आधारमा बिभिन्न सञ्चार माध्यमहरुमा समाचार उच्च प्राथामिकताका साथ प्रकाशन/प्रशारण भएको थियो । ६बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुची मा संलग्न गरीएकोछ ।

**५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्याः**

खजुरा गाउँपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, सर्वसाधारण नागरि, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत शाखाका सहभागिहरुको समेत सहभागिता रहेको थियो । जुन तलको तालिकामा हेर्न सकिन्छ ।

| क्र.स | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेसी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ६० | १२२ | १८२ | २५ | ४३ | ४ | ११० |

## ६. जवाफदेहि बक्ताहरू:

सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।

| *क्र.स.* | *नाम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | डम्मर बिक | अध्यक्ष | खजुरा गाउँपालिका |
| २. | बस बहादुर राना | प्रमुख प्रशासकिय अधिकेत | खजुरा गाउँपालिका |
| ३. | मनबिर क्षैत्री | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर १ |
| ४. | धनिराम ओली | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर २ |
| ५. | टेक बहादुर रोका क्षेत्री | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ४ |
| ६. | राम गोपाल यादव | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ७ |
| ७. | पार्वति कुमारी बिक | कार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| ८. | कृष्ण कुमारी पोखरेल | कार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| ९. | शाखा प्रमुखहरु | बिभिन्न शाखा | खजुरा गाउँपालिका |
| १०. | दिनेश कुमार चदारा | प्र.स.नि. | ईकाका प्रहरी कार्यालय धनौली खजुरा |
| ११ | प्रबिण डिसि | प्रनानि | प्रहरी चौकी राधापुर |

## ७. सवल पक्षहरू :

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब संकलनका लागि, खजुरा गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाइ कार्यक्रमका क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा स्थानिय सरकार संचालन ऐन २०७४, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७ अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा आर्थिक बर्ष २०८०/०८१ मा गाउँपालिकाको हाल सम्मको सेवा प्रबाहको अवस्था, सम्पन्न विकास निर्माण, मूख्य-मूख्य उपलव्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले प्रश्न, गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ६बुँदे साझाँ सार्वजनिक प्रतिवद्धता तयार गरि घोषणा गरिएको थियो । यसरी घोषणा गरिएका प्रतिबद्धताहरुलाई सुनुवाईका सहभागि तथा सरोकारवालाहरुले तालि बजाएर अनुमोदन गरी सरोकारवालाहरुको हस्ताक्षर गराईएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सुचना, पत्राचार, निमन्त्रणा वितरण, माईकिंग र एसएमएस गरिएको थियो ।

९. सुनुवाईमा अल्पसख्यक, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो भने कार्यक्रममा युवा बिद्यार्थीहरुको सहभागितामा जोड दिईएको थियो ।

१०. गाउँपालिकाको सार्जजनिक सुनुवाई वडामा गरिएकाले गाउँपालिकामा जान नसक्ने वडा नम्बर १, २ र ३ का आम नागरिकहरुले गाउँपालिकाको सिंगो टिमसँग प्रत्यक्ष भेटघाट र प्रश्नोत्तर गर्ने अवसर प्राप्त गरेका थिए ।

११. घुम्ति रुपमा सार्वजनिक सुनुवाई गर्दा आम सहभागिहरुले असल अभ्यासको रुपमा लिदै निरन्तरताको लागि अनुरोध गरेका थिए ।

## ८. सुधारका लागि सुझाब :

१. सार्वजनिक सुनुवाइ कार्यक्रम पालिकाले चौमासिक अवधिमा नियमित बर्षमा ३ ओटा गर्नुपर्ने देखिन्छ ।

२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

३. कार्यक्रममा सबै वडाका वडा अध्यक्ष र विषयगत शाखा प्रमुखहरुको अनिवार्य सहभागिता रहनेगरी समन्वय गर्नुपर्ने ।

## ९. कार्यक्रमका उपलव्धिहरू :

- गाउँपालिकाले गरेका कामहरुको प्रगतिका बारेमा नागरिकहरुलाई जानकारी गराउने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल तथा बहस गर्ने काम भएको छ ।
- सहभागिहरुका प्रश्न, जिज्ञासा तथा गुनासोहरु व्यवस्थापन गर्ने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा पृष्ठपोषण लिने काम भएकोछ ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासो सुनुवाई गर्न ६बुदे साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गरिएको छ ।

## अनुसुची १

**सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :**

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

## अनुसुची २

## खजुरा गाउँपालिकाले दिने सेवा र सुबिधाका बिषयमा गरिएको

## नागरिक प्रतिवेदन पत्र (citizen Report Card) को नतिजा

**जम्मा : ५० जना**

---

**१ सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (४६%) ठीकै (४०%) असन्तुष्ट (१४%)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४४%) ठीकै (५०%) असन्तुष्ट (६% )

**२. सेवाको नियमितता**

२.१ कार्यालय नियमित रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) संञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (२४%) ठीकै (६८% ) अविश्वस्त (८% )

२.२ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन (७०%) एकदमै कम (३०% ) धेरै तिरेको ( )

२.३ पालिकाले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन (३०% ) २ दिन (५४% ) धेरै दिन ( १६% )

**३. सेवा प्रतिको जनविश्वास**

३.१ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा तथा वजेट प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (२०% ) छैन (५०% ) अलिअलि थाहा छ (३०% )

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनु हुन्छ ?

सन्तुष्ट (४४% ) कम सन्तुष्ट (४०% ) असन्तुष्ट (१६% )

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो?
आफै (५०%) गाउँका ठूलाबडाको (४०%) मध्यस्थकर्ता (१०% )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो?

१ पटक (४६% ) २ पटक (४४% ) सो भन्दा वढी (१०%)

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (२४%) ठीकै (७०% ) नराम्रो (६% )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र र गुनासो पेटिका बारे तपाईलाइ जानकारी छ ?

छ (३२% ) आंशिक जानकारी छ (३०% ) कुनै जानकारी छैन (३८% )

**६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै (३०% ) कम (६०% ) गरेको छैन (१०%)

६.२ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ (२०%) ठीकै भएको छ (६०% ) भएकै छनै (२०% )

**प्रश्नावली भाग २**

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (४०% ) ठीकै पाएँ (५०% ) स्पष्ट पाइँन (१०% )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?

दिएँ ( ) थोरै दिएँ ( ) मागिएन र दिइएन पनि (१००%)

१.३ राजस्व, शुल्क, सेवादस्तुर को-कससँग उठाउने गर्दछन् ?

सबैसँग उठाउँछन् (६२% ) सीमित व्यक्तिसँग मात्र उठाउँछन् (३०% ) आएको आधारमा उठाउँछन् (८% )

**२. पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो (२४% ) ठीकै (७४% ) खराब (२% )

२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ (४२% ) पटक पटक भने पछि मात्रै हुन्छ (५६% ) जति भने पनि हुन्न ( २% )

२.३ तपाईको विचारमा वडाले पूर्वाधार सम्बन्धी कायर्क्रम के कस्तो किसिमले गर्छ ?

नियमित र राम्रोसँग (३२% ) ठीकै गर्छ (६४% ) नियमित रुपमा गर्दैन (४%)

२.४ तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो (३०% ) ठीकै (६८%) खराब (२% )

२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन् ?

प्रभावकारी छन् (३४% ) ठीक छन् (६०% ) प्रभावकारी छैनन् (६%)

२.६ स्थानीय सरकारमा आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज (२०%) असहज (२४% ) ठीकै (५०% ) अप्ठयारो ( ६% )

२.७ आयोजना सञ्चालन गर्दा पालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो (२२% ) कहिलेकाँही पाइयो (७०% ) माग गर्दा पनि पाइएन ( ८% )

२.८ आयोजना सञ्चालन गर्दा वडावाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु (४०% ) ठीकै सहयोग पाएको छु (५०% ) निरुत्साहित गरिन्छ ( १०% )

**३. पालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन,**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध (४६% ) कम श्रोत उपलब्ध (४०% ) अति कम श्रोत उपलब्ध ( १४)

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (३८% ) ठीकै (५२% ) जटिल (१०% )

३.३ पालिकामा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप कस्तो छ ?

आवश्यक सीप छ (४२% ) आवश्यकता भन्दा कम छ (५०% ) सीप निकै कम छ (८% )

३.४ पालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (४४% ) कहिलेकाही टाँसेको देखिन्छ (३६% ) खै कतै देखिएन ( २०% )

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ (३६% ) ठीकै मूल्याङ्कन हुने गरेको छ (५०% ) कहिले पनि भएको थाहा छैन ( १४% )

३.६ कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (२०% ) ठीकै ( ६०%) कुनै जानकारी छैन (२०% )

**४. पारदर्शिता सम्वन्धी,**

४.१ यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (३०% ) ठीकै जानकारी पाएको छु (४४% ) कम जानकारी पाएको छु ( २६% )

४.२ पालिकाले निर्माण गरेका ऐन, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?

हुने गरेको छ (३२% ) हुने गरेको छैन (३८% ) जानकारी नै छैन (३०% )

४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?

वेवसाइट (२०% ) सूचना पाटी (२४% ) पत्रपत्रिका र मिडिया (२०% ) सार्वजनिक सुनुवाई (३६% )

४.४ पालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ ?

भनेपछि पाए (५२% % ) पाइन (२०% ) वास्ता नै गरिएन (२८%

**५. अन्य**

५.१ सेवा प्रवाहमा घुम्ति सेवाको प्रयोग भएको छ ?

हुने गरेको छ (३२% ) कहिलेकाही हुने गरेको छ (३८% ) कहिल्यै भएको छैन (३०% )

५.२ पालिकामा मेलमिलाप केन्द्रको गठन भएको थाहा पाउनु भएको छ ?

गठन भएको छ (४०% ) केहि थाहा भएन (४०%) गठन भएको छैन (२०% )

५.३ सबै पालिकामा विकास संस्थाको गठन भएको थाहा पाउनु भएको छ ?

सबै वडामा गठन भएको छ (६०% ) केहि वडामा मात्रै गठन भएको छ। (३०% ) गठन भएको छैन ( १०% )

## खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता विषयमा गरिएको

### बर्हिगमन अभिमत (Exit Poll) संकलन

**जम्मा अभिमत संकलन सख्या : ५० जना**

| सि.नं. | सेवाको नाम | मूल्याङकन |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ? | अति स्पष्ट (१०%) | ठीकै (७४%) | अस्पष्ट (१६%) |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | अति धेरै (१२%) | ठीकै (७४%) | थोरै (१४%) |
| ३ | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसर मैत्रीपूर्ण (२२%) | ठीकै (७४%) | असहयोगी (४%) |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण, कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवा प्रदाय कर्मचारीले स्पष्ट जानकारी गरे ? | अति स्पष्ट गरीदिए (१६%) | ठीकै (७४%) | अलमल्ल हुनेगरी अस्पष्ट सूचना दिए (१०%) |
| ५ | तपाईँले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरीकाबाट समाधान दिए (८%) | ठीकै (७०%) | समाधान दिन सकेनन् (२२%) |
| ६ | तपाईलाई सेवा प्राप्त गर्न अपनाईएका प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (८%) | ठीकै (४४%) | लामो र झन्झटिलो (४८%) |

**पालिकाको कुन पक्ष धेरै राम्रो लाग्यो र कुन कुन पक्षलाई सुधार गर्नु पर्ने देखियो ?**

| पालिकाको राम्रो पक्षहरु | पालिकाको सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| १. विकास निर्माणका कार्यहरु राम्रो छ ।<br>२.कर्मचारी र जनप्रतिनिधि मिलनसार रहेको ।<br>३. अपाङगता भएकालाई सहयोग र छात्रवृति उपलब्ध भएको ।<br>४.सुचना छिटो छरिदोमा उपलब्ध भएको ।<br>५. जातिय मगर भाषा पढाउनको लागि गा.पाले पहल गरेको छ ।<br>६. पालिकाको स्थानिय भाषा सबै शाखाहरु व्यवस्थित तरिकाले सञ्चालन भएका छन् । | १. पालिकाले सेवाग्राहीलाई छिटो सेवा प्रवाह गर्नुपर्ने देखिन्छ ।<br>२. वडाहरुमा सिपमुलक तालिमहरु सञ्चालन हुनुपर्ने ।<br>३. विकास निर्माणको कार्य गुणस्तर हुनुपर्ने ।<br>४. युवाहरुलाई रोजगारको अवसर दिनुपर्ने ।<br>५. कृषकहरुलाई अनुदान तथा समयमा विउ उपलब्ध गराउनुपर्ने ।<br>६. खेलकुदमा ध्यान दिनुपर्ने ।<br>७. कर्मचारीहरु समयमा कार्यालय आउनुपर्ने ।<br>८.नेपाल सरकारले नि शुल्क कक्षा १० सम्म भर्ना हुने भनेको हो तर भर्ना शुल्क भनेर मैटहवा माध्यमिक विधायालयले २००० रुपैया लिने गरेको छ । |

# अनुसूची ३

## सहभागीहरुको मुख्य प्रश्न, गुनासो, पीरमर्का तथा जवाफदेही बक्ताहरुको जवाफ छोटकरीमा

| प्रश्नकर्ताको नाम/ थर र ठेगाना | प्रश्न ,गुनासो सुझाव | जवाफदेही ब्यक्तिको नाम,थर र पद | छोटकरीमा जवाफ |
|---|---|---|---|
| भिम राना, खजुरा ३ बाँके | गाउँपालिकाको सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरुको सुनुवाईको अवस्था कस्तो छ ? | डम्बर बिक, अध्यक्ष | पहिले गरिएका प्रतिबद्धताहरुको आधारमा सुधार गर्दै गएका छौं, अधिकांस प्रतिबद्धता कार्यान्वयनको अवस्थामा छन् । यसले पालिकालाई काम गर्न सहज भएको छ । |
| | जेष्ठ नागरिकहरुलाई सार्वजनिक सुरक्षा भक्ता प्रदान गर्दा राष्टिय परिचय पत्र अनिवार्य गरिएको भन्ने सुनिएको छ यसले उनीहरुलाई निकै हैरानी भएको छ नागरिकता काम नलाग्ने भएको हो ? | धनीराम वली, प्रबक्ता तथा वडा अध्यक्ष खजुरा २ | नेपाल सरकारले नै ल्याएको प्रावधान हो यसमा पालिकाले निर्णय गर्न सक्ने अवस्था रहदैन त्यसैले सबैले सोही अनुसार गर्न सुचनाहरु सर्कुलर गर्न अनुरोध गर्दछु । |
| | पालिकाले यस बर्ष इन्धन खर्च कति गरेको छ सो बारेमा जानकारी पाउँ ? | डम्बर बिक, अध्यक्ष | प्रश्नका लागि धन्यबाद यस बर्ष २० लाख विनियोजन भएकोमा हाल सम्म १६ लाख खर्च भएको छ । |
| बिमल थापा | बिद्यालय ब्यवस्थापन समितिले गरेको निर्णय कार्यान्वयन हुन्छ की हुदैन ? शिक्षा शाखाले बिद्यालय अनुगमन कसरी गर्ने गरेको छ ? | खगेन्द्र मल्ल, प्रमुख शिक्षा शाखा | बिद्यालय ब्यवस्थापन समिति गठन हुदा चरम राजनितिकरण हुने गरेको छ यसबाट मुक्त गर्न सकेमा काम गर्न सहज हुनेछ । बिद्यालय ब्यवस्थापन समितिले गरेका निर्णय कार्यान्वयनका लागि शिक्षा शाखा मार्फत नियमित बिद्यालयहरुमा फलोअप गर्ने गरिएको छ । शिक्षा शाखाका कर्मचारीहरुको दरबिन्द निकै न्यून भएकाले सोचे अनुसार अनुगमन गर्न सकिएको छैन । अनुगमनको कार्य भने भईनै रहेको छ । |

| | | | |
|---|---|---|---|
| | राधापुरमा रहेका खुल्ला सिमानाकामा अबैध रुपमा सामान आउने गरेकोछ भने प्रहरीले सानो सानो रकम लिने गरेका छन् यसको रोकथाम कसरी गर्ने ? | मनबिर क्षेत्री, अध्यक्ष, वडा नम्बर १<br><br>प्रबिण डिसी, प्रहरी चौकी राधापुर | यो स्थानीय सरकारको क्षेत्राधीकार भित्र नपर्ने भएकाले यसका लागि प्रहरीसँग समन्वयमा सुधारका लागि काम गरिनेछ ।<br>सिमानाकाबाट विभिन्न वाहानामा सामान ओसार पसार भईरहेको छ । यसका लागि सबै नागरिक सचेत हुन जरुरी छ । कुनै समस्या भएमा प्रहरीलाई गुनासो गरेमा गलत कार्य रोकथाम गरिनेछ । |
| टिकाराम चपाई, खजुरा २ | कृषि कार्यक्रम प्रभावकारी रुपमा गरिएको पाईदैन, भारतबाट अबैध रुपमा आउने कुखुरा र तरकारीले स्थानीय उत्पादनलाई असर गरेको त्यसका लागि पालिकाको योजना के छ ? | पुनम पोखेल, कृषि शाखा | कृषकहरुको मागका आधारमा काम भईरहेको छ । स्थानीय कृषि उत्पादनलाई प्रबर्द्धन गर्न शाखा मार्फत काम भईरहेको छ । |
| भिम बहादुर राना, खजुरा ३ | पालिकाको आन्तरीक श्रोत बढाउन के योजना गरेको छ ? | डम्बर बिक, अध्यक्ष | पालिकाले आन्तरीक श्रोत बढाउनका लागि उत्पादन मुलक कार्यक्रममा जोड दिदै योजना पारित गरिएको छ । |
| | स्वास्थ्य बिमाको काम कहाँ सम्म पुगेको छ ? | दिपक ढकाल, प्रमुख, स्वास्थ्य शाखा | स्वास्थ्य विमाको काम भईरहेकाले जति सक्दो चाडो लागु गर्ने गरी पालिकाले तयारी थालेको छ । |

................

हेमराज भट्ट

निर्देशक, बास नेपाल

सार्वजनिक सुनुवाई कार्यक्रममा प्रश्तुत गरिएको प्रगति प्रतिबेदन :

खजुरा गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) बमोजिमखजुरा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउनसार्वजनिक सरोकारका विषयमा हुने क्रियाकलापहरुको बारेमा आम सर्वसाधारण तथा सरोकारवालाहरुलाई सूसुचित गराउने मूल उद्धेश्यका साथयो सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो |

गाउँपालिकाद्वारा प्रदान गरिने सेवा तथा सुबिधा एवम् क्रियाकलापका सम्बन्धमा:सरोकारवाला र सर्वसाधारणका बिचमा दोहोरो सम्बाद र प्रश्नोत्तरतथा प्रत्यक्ष सवालजवाफ गरि एक आपसमा प्रस्ट हुने र स्थानीय सरकारको कार्य सम्पादनलाई भाबी दिनहरुमा चुस्त र दुरुस्त सुदृढ बनाई जनताको काम लाई सरल र सहज बनाउने स्थानीय सरकार र सेवाग्राही नागरिकबिचको सुसम्बन्धमा कायम गर्नेयो कार्यक्रमको उद्धेश्य रहेको छ | गाउँपालिका बाट सम्पादन हुने बिभिन्न योजना तथा कार्यक्रमको सन्दर्भमा सेवा सुबिधाको प्रभावकारिता बारेमा सेवाग्राही जनताबाट पृष्टपोषण प्राप्तगर्ने सुझाव संकलन गर्ने, गुनासो व्यस्थापन गर्ने, सार्वजनिक प्रतिवद्धता घोषणा गर्ने र सेवा प्रवाहमा भएका कमीकमजोरीहरु पहीचान गरी सेवाप्रवाहमा प्राभावकारीता ल्याउनका लागि यो एक सहयोगी माध्यम हो । यो कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिईने छ |

सुशासन ऐन २०६४को दफा ३० र सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को आधारमा यो कार्यक्रमलाई व्यवस्थित गरिने छ | यो कार्यक्रमलाई सभ्य, अनुसासित,सालिन र उपलब्धिमुलक बनाउन आचार संहिता पालन गर्नुका साथै सबैको रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गरेको छु |

## आ.व २०८०/०८१ कार्यक्रमहरुको प्रगति विवरण

### शिक्षा तर्फ

जम्मा कार्यक्रम = ५६

सम्पन्न भएको = २६

सम्पन्न हुन बाँकी = ३०

### महिला बिकास तर्फ

जम्मा कार्यक्रमः १७

सम्पन्न भएको:१३

सम्पन्न हुन बाँकी :४

अपाङ्गता परिचय पत्र वितरण- ८९६ जना

जेष्ठ नागरिक परिचय पत्र वितरण -१८३३

## न्यायिक समिति

विवाद संख्या- ३२९

सहमति- २२९

असहमति - १९

प्रक्रियामा रहेको - ८१

## स्वास्थ्य तर्फ

जम्मा कार्यक्रमः ३७

सम्पन्नः २८

बाँकीः ९

## पशु तर्फ

जम्मा कार्यक्रमः२१

सम्पन्नः १३

बाँकी : ८

## कृषि तर्फ

जम्मा कार्यक्रमः२१ वटा

सम्पन्नः१९ वटा

बाँकीः २ वटा

## रोजगार सेवा केन्द्र

### प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत

जम्मा कार्यक्रमः १०वटा

सम्पन्नभएकोः ५ वटा

सम्पन्न हुन बाँकीः ५ वटा

### युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अर्न्तगत

जम्मा कार्यक्रमः ५

सम्पन्न भएको : २

सम्पन्न हुन बाँकी : ३ वटा

बेरोजगार सुचिकृत संख्याः६८२जना

रोजगार प्राप्त गरेको संख्याः८० जना

रोजगारी दिनः१०० दिन

<u>योजना तर्फ</u>

१)०८०/०८१ मा टेण्डर प्रक्रियाबाट निर्माण कार्यमा गएको संख्या : ३५

२) विगत आ.व.का अ.ल्या योजना भएको संख्या : २६

गत वर्षबाट अ.ल्या भएको योजना सम्पन्न भएको संख्याः ४

बहुबर्षिय योजनाः ४ कार्य सुचारु

सम्पन्न हुन बाँकीः७

३) आ.व मा टेण्डरबाट प्रक्रियाबाट भएको कार्य सम्पन्न भएको संख्याः ४

४) दरभाउ पत्रबाट गरिएको निर्माण कार्यको संख्याः १२

- सम्पन्न योजना : ९
- सम्पन्न हुन बाँकी योजनाः ३

५) उपभोक्ता समिति संग भौतिक पूर्वाधारको सम्झौता भएको संख्याः १०९

६) उपभोक्ता समिति संग भएको सम्झौताको कार्य सम्पन्न भएको संख्याः २५

<u>प्राविधिक तर्फ</u>

- बाटो कालोपत्रे – ३०८३ मिटर (वडा १ देखि ८ सम्म)
- **बाटो ग्राभेल -७०५२ मिटर** (वडा १ देखि ८ सम्म)
- **पक्की नाला - १५५६ मिटर** (वडा १ देखि ८ सम्म)
- **खजुरा गाउपालिका हईमास्ट जडान कार्य सम्पन्न**
- **शित भण्डार थप निर्माण कार्य सम्पन्न**

**<u>लघुउद्यम विकास कार्यक्रम तर्फः</u>**

जम्मा कार्यक्रमः११

सम्पन्नः६

सम्पन्न हुन बाँकी : ५

**<u>आर्थिक प्रशासन तर्फ</u>**

-खजुरा गाउँपालिकाको जम्मा बजेट - रु.८७ करोड ३८ लाख १३ हजार ३ सय तेत्तिस पैशा १० ।

-हाल सम्मको वास्तविक आय- रु.६० करोड १४ हजार ३ सय ९९ पैशा १४ रहेको छ । जुन ६९ प्रतिशत रहेको छ ।

- खजुरा गाउँपालिकाको चालु बजेट रु. ५५ करोड ४३ लाख ४९ हजार ३ सय २९ मध्ये खर्च रु. ३५ करोड ७ लाख १२ हजार ४ सय ४९ पैशा ६१ रहेको छ जुन ६३ प्रतिशत चालु खर्च रहेको छ ।

-खजुरा गाउँपालिकाको पुँजीगत बजेट रु.३१ करोड ९४ लाख ६३ हजार ९ सय ८४ पैशा १० मध्ये खर्च रु.७ करोड ६७ लाख १ हजार ८ सय ८९ पैशा रहेको छ जुन २४ प्रतिशत पुँजीगत खर्च रहेको छ ।

-खजुरा गाउँपालिकाको जम्मा खर्च – रु.४२ करोड ७४ लाख १४ लाख ३३८ पैशा ८७ रहेको छ ।जुन ४९ प्रतिशत जम्मा खर्च रहेको छ ।

**वडागत बजेट र खर्च को विवरण**

| वडा नं | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| 1 | 5181981/- | 1648090/- | ३२ |
| 2 | 7243250/- | 2154389/- | ३० |
| 3 | 6664083/- | 2189350/- | ३३ |
| 4 | 6005229/- | 3859452 | ६४ |
| 5 | 5787353/- | 1216003/- | २१ |
| 6 | 5979958/- | 1495255/- | २५ |
| 7 | 6738989/- | 1243208/- | १८ |
| 8 | 6359855/- | 2134724/- | ३४ |

**<u>प्रकोप व्यवस्थापन कोषः</u>**

बजेटः १ करोड २९ लाख ७४ हजार ८ सय ७३ पैसा

खर्चः ४७ लाख ९९ हजार ७७ सय मात्र

**महत्वपूर्ण कामः**

**शिक्षा तर्फः**

- द्वन्द्व पिडित मुस्लिम मधेशी सिमान्तकृत गरिव असाहय छात्राहरुको लागि कक्षा ११ र १२ छात्रवित्त
- उद्यमशिलता तथा वित्तिय साक्षरता सम्बन्धी क्षमता विकास तालिम
- Talking Teacher smart system Learning Material
- युवा क्लब गठन तथा नमुना संसद अभ्यास कार्यक्रम सम्पन्न

**स्वास्थ्य तर्फः**

- आ.व.२०८०/०८१ मा करिब ५०% आर्थिक रुपमा बिपन्न तथा जोखिमयुत्त गर्भवती लाई निशुल्क क्याल्सियम बितरण गरिएको छ।
- आ.व.२०८०/०८१ मा देखि गर्भवतीहरुलाई निशुल्क ल्याव परिक्षणको ब्यवस्था गरिएको छ।
- आकस्मिक रुपमा प्रेषण कार्य गर्दा सुत्केरी तथा गर्भवतिहरुलाई निशुल्क एम्बुलेस सेवाको बिस्तार गरिएको छ। जसबाट हाल सम्म जम्मा ६८ जनालाई सेवा प्रदान गरिएको
- खजुरा गाँउपालिका भित्रका गर्भवतीहरुलाई आवश्यक्ता अनुसार निशुल्क भिडियो एक्स रे को ब्यवस्था गरिएको
- जेष्ठ नागरीक तथा अशक्त नागरीकहरुको स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत मासिक एक पटक घरघरमा गएर स्वास्थ्य जाँच कार्यलाई प्रभावकारी बनाईएको
- खजुरा गाँउपालिका भित्र बन्द अवस्थामा रहेको ल्याव सेवालाई बिस्तार गरिएको

**सहकारी तथा संघ सस्था शाखाको विवरण**

**सहकारी तर्फ**

१.दिने कार्यक्रम सम्पन्न २ विनियम सम्बन्धी ,सहकारी संस्थामा ऐन .

2. स्थानीय सहकारीहरुमा लेखा व्यवस्थापन सम्बन्धी ४ दिने तालिम सम्पन्न

3. स्थानीय सहकारीहरुमा कोपोमिस सम्बन्धी ४ दिने तालिम सम्पन्न

4. वडा नं ४ र वडा नं ५ मा १वटा सहकारी कृषि सहकारी संस्था दर्ता १/

**संघ संस्था तथा व्यवसाय तर्फ**

1. ३८ वटा व्यवसाय दर्ता तथा १३३ व्यवसाय नविकरण
2. २५ संघ सस्था दर्ता तथा ४५ वटा संघ संस्था नविकरण

**कृषि तर्फः**

- खजुरा गाउँपालिकाका कृषकहरुलाई ५०% अनुदानमा मागमा आधारीत कार्यक्रम
- किसान सुचिकरण कार्यक्रमअन्तिम चरणमा
- विभिन्न वडामा कृषकहरुको रोग किरा सम्बन्धी समस्या समाधान गर्नका लागि बाली उपचार शिविर सम्पन्न भएको
- गहुँ विउ उत्पादन कार्यक्रम अन्तिम चरणमा
- जलस्रोत तथा सिचाई कार्यक्रम सम्झौताको चरणमा
- कृषि ईन्टर्न द्वारा माटो परिक्षण तथा विभिन्न वडाहरुमा कृषिको समस्या समाधानका लागि परिचालन गरिएको

**महिला तथा बालबालिका तर्फः**

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विविध कायक्रमहरु गरी सम्पन्न
- महिलाहरुलाइ उद्घघोषण तालिम
- अपाङ्गताको अविलम्ब पहिचानका लागि घुम्ती शिविर सम्पन्न
- किशोरीहरुलाइ जीवन उपयेगी तालिम
- लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता प्रवर्दनका लागि शसक्तिकरण सहकार्य तालिम
- पालिका स्तरीय किशोरी संजालको गठन तथा अभिमुखीकरण कार्यक्रम

**पशु तर्फः**

- व्यवसायिक पशुपंक्षी तालिम
- कृत्रिम गर्भधान कार्यक्रम
- माछाको भुरा वितरण
- बाँझोपन नियन्त्रण पशु स्वास्थ्य शिविर
- बाख्रामा पिपिआर र गाइ भैसिमा लम्पिस्कीन भ्याक्सिन्सन
- गाई भैसिमा खोरेत
- बङ्गुरमा साइन फिभर

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः

- **आ८१।२०८०** .जम्मा **६८३ जना बेरोजगार व्यक्ति सूचिकृत भएको**
- **६९ जनालाई १०० दिनको अस्थाई रोजगारी प्रदान गर्न गर्ने निर्धारण गरिएको**
- **आ केन्द्रबाट सेवा रोजगार मा ०८१।२०८० .व.१०४ जना पुरुष र २ जना महिला गरी कुल १०६ जनालाई श्रम स्वीकृति प्राप्त गर्न सहजिकरण गरियो**
- **आ भएका मृत्यू गई रोजगारीमा वैदेशिक मा ०८१।२०८० .व.४ जना व्यक्तिको परिवार,वैदेशिक रोजगारीमा गएका ८ जना व्यक्तिको घरपरिवारलाई स्वास्थ्य समस्या पर्दा आर्थिक सहायता र वैदेशिक रोजगारीमा गएई गम्भिर रुपमा अङ्ग भङ्ग भएको १ जना व्यक्तिलाई आर्थिक क्षतिपूर्ति प्रदान गराइएको**
- **आसन् व्यक्तिको भएका मृत्यू गई रोजगारीमा वैदेशिक मा ०८१।२०८० .व.तानलाई वैदेशिक रोजगार सन्तति छात्रवृत्ति प्रदान गर्न निवेदन/पत्र आहवान गरिएकोमा ९ जना पुरुष र ५ जना महिला गरी कुल १५ जना विद्यार्थिहरुको विवरण सङ्कलन भई वैदेशिक रोजगार बोर्डमा सिफारिस गरिएको**

## लघुउद्यम विकास कार्यक्रम तर्फः

- नयाँ लघुउद्यमी सिर्जना (सामाजिक परिचालन)
- उद्यमशिलता बिकास तालिम
- सिप विकास तालिम
- प्रविधिमा पहुच, लघुवित्तमा पहुच
- वस्तु तथा सेवामा बजारीकरण परामर्श
- गरिवीनिवारणकार्यक्रमअन्तर्गतवडानं .१देखी८वडाकायुवा तथा युवतीहरुलाई महिने १)) हलुका सवारी ड्राईभिङ्ग तालिम कार्यक्रम
- पुरानालघुउद्यमीहरुलाईस्तरोन्नतीअन्तर्गत एडभान्स जुत्ता चप्पल र , स्यान्डिल सम्बन्धीसीपविकासतालिमकार्यक्रम

## नागरिक आरोग्य सेवा केन्द्र तर्फः

- पंचकर्म/पूर्वकर्म सेवा संचालनमा आएको छ ।

- पंतजली योग समिति खजुराको प्राविधिक सहयोगमा आयुर्वेद शाखाको हलबाट निःशूल्क रुपमा दैनिक रुपमा योग अभ्यास भई रहेका
- नागरिक आरोग्य सेवा केन्द्रको (आयुर्वेद स्वास्थ्य) अधुरो भवन निर्माण कार्य सम्पन्न भई भवनको उदघाटन गरी सेवा संचालनमा आएको

**अन्य महत्वपूर्ण काम तथा उपलब्धिहरु**

- गाउँपालिकाबाट प्रदान हुने अनलाइन कामहरु,गाउँपालिका सम्बन्धि गतिबिधि तथा सूचनाहरु गाउँपालिकाको वेबसाइट, **facebook page,Twitter, Mobile Application** द्वारा निरन्तर प्रकाशन भइरहेको छ ।
- मेलमिलाप कर्ताहरुका लागि उच्चस्तरीय तालिम
- ग्रीन सिटी सम्बन्धी काम निरन्तर भइरहेको छ ।
- गाउँपालिकाका सबै वडामा बाट व्यक्तिगत तथा सामाजिक सुरक्षालाइ अनलाइन प्रणाली,मार्फत राजस्व तथा कर निरन्तर भइरहेको छ ।
- खजुरा गाउँपालिका अन्तर्गत प्रथामिक स्वास्थय केन्द्रमा १५ शैयाको अस्पलातको निर्माण कार्य अगाडि बढेको
- शीत भण्डार निर्माण कार्य अन्तिम चरणमा रहेको
- आ.व. ०७९/०८० मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८० प्रतिशत प्राप्त गरेको ।
- आ.व. ०७९/०८० मा स्थानीय तह वित्तिय शुशासन जोखिम मूल्याङ्कनमा ७२ प्रतिशत प्राप्त गरेको
- आ.व. ०७९/०८० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग अन्तर्गत कार्य सम्पादन मुल्याङ्कन वापत खजुरा गाउँपालिका ५५.८८ प्रतिशत प्राप्त गरेको ।
- व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सम्पन्न गरिएको छ ।
- खजुरा गा.पा. को प्रशासनिक भवनको निर्माण कार्य अगाडि बढेको
- खेलकुद ग्राम,औधोगिक ग्राम काम निरन्तर भइरहेको
- **वडा नं ६ मा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अन्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्ने प्रयोजनार्थ जग्गा नापजाँच गर्ने कार्य सम्पन्न भएको**
- **हेभि इक्युप्मेन्ट(रोलर,ब्याकुलोडर) खरिद भई संचालन भएको**
- **सोलार खरिद प्रक्रिया अगाडि बढेको**

**चुनौती तथा समस्याहरु**

१। योजना निर्माण तथा संचालनको कार्यमा उपभोक्ता समिति बाहेक अन्य उपभोक्ताहरुको चासो र सक्रियता निकै कम देखिएकोअपेक्षाकृत आन्तरिक श्रोत(कर दस्तुर) उठाउन नसकिएको |

२। कार्ययोजना निर्माण, कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षणको प्रक्रियागत ढिलासुस्ति

३। उपभोक्ता समितिको गा पा को कार्यक्रम, कार्ययोजना निर्माण, सार्वजनिक सुनुवाईको विषयमा जनचासो तथा जनसहभागितामा कमि

४। गाउँपालिका जनप्रतिनिधि, प्रशासन तथा सर्वसाधारणहरुबिच समन्वय निर्माणमा चुनौति

५। गाउँपालिकाको आफ्नोस्रोतसाधनमा कमि तथा पुजिनिर्माणमा कठिनाई

**अन्तयमा,**

हामी संग एकातिर श्रोत र साधनको अपर्याप्तता छँदै छ भने अर्कोतिर जनताका बढ्दो र असिमित चाहना पुरा गर्नु पर्ने अवस्था छ | तथापी प्राप्त सिमित श्रोत साधनलाई अधिकतम् उपयोग गर्ने प्रयास र जमर्को हामीले गरिरहेका छौं |

विगत भन्दा वर्तमान र वर्तमान भन्दा भोलीका दिनमा हामी निरन्तर शासकीय सुधारकोप्रयासमार्फत खजुराको सुन्दर र समृद्ध भविष्य निर्माणको लागि विकासको खाका कोर्न अधिकतम् प्रयास र प्रयत्न गरिने छ र यो प्रतिवद्धता यहाँहरु समक्ष जाहेर गर्दछु | यहाँहरुको सकरात्मक सोच, चासो र अमुल्य एबं रचनात्मक सुझाव तथा सल्लाहको सदैब आशा र अपेक्षा गर्दछु |

धन्यवाद !

मिति: **२०८१|०२|०७**

डम्बर बहादुर बि.क

अध्यक्ष

खजुरा गाउँपालिका